# लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.

काठमाडौं १०, बिनायकनगर, बानेश्वर

## चौथो वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०९/०९

यस लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०७९/०९/०६ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको चौथो वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारी एवम् उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ साल पौष ३० गते शनिबार (जनवरी १४, २०२३)

समय : दिउँसो ३:०० बजे ।

स्थान : डेलिश ओपेरा रेष्ट्रो एण्ड बैंक्वेट (Delish Opera Restro & Banquet) बालुवाटार, काठमाडौं

**छलफलका विषयहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचिहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व. २०७९/०८० को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु**

१. लेखा परिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनीको ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरू निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समयभित्र कम्पनीको कार्यालय बिनायकनगर, नयाँबानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने ब्यहोरा अनुरोध छ ।

२. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कम्पनी कानून बमोजिम तोकेको ढाँचाका प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कार्यालयको समय भित्रमा दर्ता गराई सक्नु पर्नेछ ।

३. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहा राखिने हाजिरी पुस्तिका दिउँसो २:३० बजेबाट खुल्ला गरिनेछ ।

४. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, बिनायक नगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।